**प्रश्न नं. ३३**

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं.३९०४ देखि ४०२५ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

काजिमान श्रेष्ठको जाहेरीले नेपाल सरकार

बिरुद्ध

जिल्ला झापा भद्रपुर न.पा. वडा नं. ५ बस्ने झुमा परियार

मुद्दाः ज्यान सम्बन्धी कसूर

१. मिति २०७६।८।४ गतेका दिन म लगायत घरमा कोही नभएको मौका पारी वर्ष ६ को छोरा राजेश वर्देवालाई कर्तव्य गरी मारी कोलाघारीमा फालेको अबस्थामा फेला परेकोले मानिस पत्ता लगाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेतको काजिमान श्रेष्ठको जाहेरी दरखास्त ।

२. जिल्ला झापा भद्रपुर न.पा. वडा नं. ५ स्थित कोलाघारीमा मृतक राजेश श्रेष्ठको मृत शरीर रहेको मृतकको अनुहार सुनिएको घांटीमा चोट पटक देखिएको भन्ने घटनास्थल तथा लाश जांच मुचुल्का

३. १५/१६ दिन अगाडि मेरी श्रीमती मुना श्रेष्ठ र झुमा परियारका बीच झगडा पर्दा झुमाले पछि देख्लास भनि दागा धरेको हुँदा छोरा राजेश श्रेष्ठलाई कर्तव्य गरी मारी कोलाघारीमा फालेको शंका लाग्छ, कारवाही गरी पाउँ भन्ने २०७६।०८।०६ को जाहेरी दरखास्त ।

४. जाहेरवालाको श्रीमतीले मलाई रुपैया चोरी गरेको आरोप लगाई भोटेनी, रण्डी भनी गाली गरेकीले रिस उठी जाहेरवालाको छोरालाई २०७६।०८।०४ गते मेरो घर भित्र बोलाई घांटी थिची कर्तव्य गरी मारी प्लाष्टिकको बोरामा मृतकलाई हाली कोलाघारीमा लगी फालेको हुँ भन्ने समेत प्रतिवादी झुमाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

५. २०७६।०८।०५ गते सोतर काट्न जाँदा कोलाघारीमा जाहेरवालाको छोरा राजेश श्रेष्ठको लाश देखि हो हल्ला गरेको हुँ । जाहेरवालाको श्रीमती र झुमाका बीच झगडा भएकोले निज झुमाले कर्तव्य गरी मारेकोमा शंका लाग्छ भन्ने समेत गजेन्द्रनाथ पौडेलले प्रहरीमा गरेको घटना विवरण कागज ।

६. जाहेरवालाको श्रीमती र झुमाको बिच झगडा भएकोले सोही कुराको रिसइवि लिई प्रतिवादीले जाहेरवालाको छोरालाई कर्तव्य गरी मारेकोमा शंका लाग्छ भन्ने समेत याम वहादुर रानामगरले प्रहरीमा गरेको घटना विवरण कागज ।

७. २०७६।८।४ गते दिनको ५ बजे जाहेरवालाको छोरा राजेश श्रेष्ठलाई झुमाले आफ्नो घर भित्र बोलाई लगेकोले पहिला जाहेरवालाको श्रीमतीसँग वादविवाद परेको रिसइविको कारण कर्तव्य गरी मारेकोमा शंका लाग्छ भन्ने समेत साजन पाँचकोटीले प्रहरीमा गरेको घटना विवरण कागज।

८. मृतकको घांटी किचेको कारण श्वास प्रश्वास अवरुद्ध भई मृत्यु भएको हो भन्ने पोष्टमार्टम रिपोर्ट।

९. प्रतिवादीले रिसइवी साध्न मनसाय पूर्वक नाबालकलाई कर्तव्य गरी मारेको कसूर स्थापित भएको हुंदा प्रतिवादीले मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १७७(१) को कसूर गरेको हुंदा ऐ ऐ को दफा १७७ (२) वमोजिम सजाय गरी पाउँ गरी पाउँ भन्ने समेतको अभियोग पत्र ।

१०. मृतकको आमाले मलाई पैसा चोरी भनि आरोप लगाएकोले झगडा भएको थियो । मृतकलाई मैले कर्तव्य गरी मारेको होइन भन्ने समेत प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान ।

**प्रश्न नं. ३३**

११. जाहेरवाला समेतका वादीका साक्षी र प्रतिवादीका साक्षीको समेत बकपत्र भै मिसिल सामेल रहेको ।
१२. झापा जिल्ला अदालतबाट भएको फैसला ।
१३. उच्च विराटनगर इलाम इजलासमा दायर हुन आएको पुनरावेदन पत्र ।